# बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक ऐन २०७६

बारपाक सुलिकोट गाउपालिकाको आर्थिक वर्ष २०७६/२०७७ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बारपाक सुलिकोट गाउपालिकाको गाउसभाले यो ऐन बनाएको छ।

१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम आर्थिक ऐन, २०७६ रहेको छ।
(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि बारपाक सुलिकोट गाउपालिका क्षेत्रमा लागु हुनेछ।
२) सम्पत्ति कर : गाउपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुलउपर गरिने छ।
३) भूमि कर (मालपोत) : गाउपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिमभूमि कर (मालपोत) लगाइने र असुलउपर गरिनेछ।
४) घर बहाल कर: गाउपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन ,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गावहाल कर लगाइने र असुल गरिनेछ।
५) व्यवसाय कर : गाउपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।
६) जडिबुडि, कबाडि र जिबजन्तु कर: गाउपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले ऊन, खोटो, जडिबुटि, बनकस, कबाडि माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिं,प्वांख , छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसुचि (५) बमोजिमको कर लगाइने र असुलउपर गरिनेछ।

७) सवारी साधन कर : गाउपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुचि बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।
८) विज्ञापन कर: गाउँपालिका क्षेत्रभित्रहुने विज्ञापनमा अनुसुचि ७ बमोजिम विज्ञापन कर लगाईने र असुलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिमहुनेछ।
९) मनोरन्जन कर : गाउपालिका क्षेत्रभित्रहुने मनोरन्जन व्यवसाय सेवामा अनुसुचि ८ बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिमहुनेछ।
१०) बहाल बिटौरी शुल्कःगाउपालिका क्षेत्रभित्रआफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि ९ माउल्लेख भए अनुसार हाट बजार वापसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।
११) पार्किङ्ग शुल्कःगाउपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत अनुसुचि १० बमोजिम पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ।
१२) टेकिङ्ग, कोयोकिड , क्यानोइङ्ग, बन्जिजम्पिङ्ग, जिपप्लाएर र र्‍याप्टिङ्ग, शुल्कःगाउपालिका क्षेत्रभित्र टेकिङ्ग, कोयोकिड , क्यानोइङ्ग, बन्जिजम्पिङ्ग, जिपप्लाएर र र्‍याप्टिङ्ग सेवावा व्यवसाय संचालन गरेवापत अनुसुचि ११ बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ।
१३) सेवाशुल्क , दस्तुर : गाउपालिका निर्माण, संचालनवा व्यस्थापन गरेका अनुसुचि १२ मा उल्लिखित स्थानिय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहिबाट सोहि अनुसुचिमा व्यस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।
१४) पर्यटन शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुचि १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको सोहि बमोजिम हुनेछ।
१५) कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।
१६:कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउपालिकाले तोके अनुसार हुने छ।

अनुसुचि १
सम्पत्ति कर

| क्र.सं. | घरको मूल्याङ्कन | | दर/रेट |
|---|---|---|---|
| १ | पक्की घर (आर.सि.सि.) | | रु. २००० प्रति वर्ग फिट |
| २ | कच्ची घर टहरा | | रु. १००० प्रति वर्ग फिट |
| ३ | नक्सा पास दस्तुर प्रति वर्ग फिट | क) पक्की सडक | रु. ४।- |
| | | ख) ग्राबेल सडक | रु. ३.५।- |
| | | ग) कच्ची सडक | रु. २.५।- |
| ४ | तला थपको आधारमा निर्धारित दर रेट | | २५ % |

| क्र.सं. | सम्पत्ति मूल्याङ्कन कर | दर/रेट |
|---|---|---|
| १ | १००००० देखि ३००००० सम्म | रु. ०।- |
| २ | ३००००१ देखि ५००००० सम्म | रु. २००।- |
| ३ | ५००००१ देखि १०००००० सम्म | रु. ३००।- |
| ४ | १००००००१ देखि १५००००० सम्म | रु. ५००।- |
| ५ | १५००००१ देखि २०००००० सम्म | रु. ७००।- |
| ६ | २०००००० देखि २५००००० सम्म | रु. १०००।- |

जग्गाको मूल्याङ्कनः घर टहराले चर्चेको वा घर टहरा रहेको जग्गाको मूल्याङ्कन मालपोतको कर बमोजिम हुनेछ।

अनुसूचि २
भूमि (मालपोत) कर

| क्र.सं. | विवरण | दर/रेट |
|---|---|---|
| १ | क) अब्बल प्रति रोपनी | रु. १४।- |
| | ख) दोयम प्रति रोपनी | रु. १२।- |
| | ग) सिम प्रति रोपनी | रु. १०।- |
| | घ) चाहार प्रति रोपनी | रु. ८।- |
| २ | जरिवाना | |
| | क) प्रति वर्ष | २५ % |
| | ख) पाँच वर्ष सम्म | ७५% |
| | ग) पाँच वर्ष भन्दा माथि | १००% |

बारपाक मुख्य बजार क्षेत्र- प्रतिरोपनी रु. ५०।-
उल्टेफाँट मोटरबाटोले छोएको - प्रतिरोपनी रु. ५०।-
पाल्खु, बाहाकोट, सौरपानी, स्वाँरा, ता.मा.ला.बोट, पन्द्रुङ, देउराली सडकले छोएको- प्रतिरोपनी रु. ३०।-

अनुसूचि ३
घर जग्गा बहाल कर

| क्र.सं. | प्रकार | विवरण | वार्षिक रु. |
|---|---|---|---|
| १ | बहाल कर | क) व्यक्तिगत प्रयोजन | १०% |
| | | ख) संघ संस्था तथा व्यवसायिक प्रयोजन | १२% |

अनुसूचि ४
व्यसायिक कर

| क्र.सं. | व्यवसायीको नाम | श्रेणी | दर/रेट |
|---|---|---|---|
| १ | मदिरा तथा चुरोट डिलर समेत थोक विक्रेता | | १५००।- |
| २ | अन्य डिलर समेत थोक विक्रेता | | १०००।- |
| ३ | निर्माण सामाग्री विक्रेता | क.एक भन्दा बढी डिलरसिप भएको | १५००।- |
| ४ | कम्प्यूटर टिभी रेडियो घडी | | १०००।- |
| ५ | मोबाइल मर्मत | | १०००।- |
| ६ | पेट्रोलियम पदार्थ | क. डिजेल पेट्रोल पम्प | ३०००।- |
| ७ | | ख. मट्टीतेल डिलर | १००।- |
| ८ | | ग. ग्यास डिलर | ५००।- |
| ९ | दैनिक उपभोग्य खाद्य पदार्थ | क. थोक विक्रेताः<br>ख. खुद्रा | १०००।-<br>५००।- |
| १० | फेन्सी तथा कपडा पसल | क. थोक विक्रेताः<br>ख. खुद्रा | १०००।-<br>५००।- |
| ११ | सवारी साधन विक्रेता | क.मोटर साइकल जिप कार ट्याक्टर तथा सोरुम<br>ख. मोटरसाइकल स्कुटर स्पयेयर पार्ट सम्बन्धि सामान बेच्ने | ५०००।-<br><br>२५००।- |
| १२ | नसिङ होम सामुदायिक अस्पताल | | १५००।- |
| १३ | औषधी थोक विक्रेता र क्लिनिक | | ५००।- |
| १४ | औषधी पसल र क्लिनिक | | ५००।- |
| १५ | आँखा क्लिनिक र चस्मा पसल | | ५००।- |
| १६ | क्लिनिक र ल्याब | | ५००।- |
| १७ | औषधी पसल | | ५००।- |
| १८ | डेन्टल क्लिनिक | | ५००।- |
| १९ | निर्माण व्यवसायी | क. श्रेणकीको निर्माण व्यवसाय | ३०००।- |
| | | ख. श्रेणीको निर्माण व्यवसाय | २५००।- |
| | | ग. श्रेणीको निर्माण व्यवसाय | १५००।- |
| | | घ. श्रेणीको निर्माण व्यवसाय | १०००।- |
| २० | होटल | क.होटल लज रेष्टुरेण्ट समेत | १०००।- |
| | | ख. सामान्य खाजा पसल | २००।- |
| २१ | रेष्टुरेण्ट | क.रेष्टुरेन्ट बार | ५००।- |
| | | ख. सामान्य रेष्टुरेण्ट | २५०।- |

| | | | |
|---|---|---|---|
| २२ | उद्योग | क. रेलिङ तथा क्लक उद्योग | ५००।- |
| | | ख. आल्मुनियम तथा तामाका भाडा उद्योग | ५००।- |
| | | ग. बेकरी उद्योग | ५००।- |
| | | घ. चामल तथा तेल उत्पादन गर्ने साना उद्योग | ५००।- |
| २३ | फर्निचर उद्योग तथा काठ विक्री वितरण | | १५००।- |
| | फर्निचर उद्योग | | १०००।- |
| | छपाइ तथा प्रकाशन | क. अफसेट प्रेस | १०००।- |
| | कम्प्यूटर | | ५००।- |
| | ड्राइभिङ इन्स्टिच्यूट | | २०००।- |
| | फ्याक्स इन्टरनेट साइबर कुरियर्स सेवा मात्र | | ५००।- |
| २४ | वित्तिय कम्पनीहरु | क. वर्गको | ३०००।- |
| | | ख. वर्गको | २०००।- |
| | | ग. वर्गको | १०००।- |
| | | घ. वर्गको | ५००।- |
| २५ | विमा कम्पनी शाखा कार्यालय | | २०००।- |
| २६ | निजि विद्यालयहरु | क.पूर्व प्रा.वि. र नि.मा.वि. सम्म | ५००।- |
| | | ख. मा.वि. | ८००।- |
| | | ग. उच्च मा.वि. | १०००।- |
| २७ | प्राविधिक शिक्षालय/भाषा प्रशिक्षण केन्द्र आदि | | १०००।- |
| २८ | होस्टेल | | १०००।- |
| २९ | वर्कसप | क. वस ट्रक आदि मोटर पार्टस विक्री समेत | २०००।- |
| | | ख.मर्मत | ५००।- |
| | | ग. मोटर साइकल वर्कसव | ५००।- |
| | | घ. टायर मर्मत तथा हावा भर्ने | ५००।- |
| | | ङ. टायर पसल तथा ब्याट्री पसल | ५००।- |
| ३० | बैदेशिक रोजगार सेवा | | ५०००।- |
| ३१ | ब्युटी पार्लर | | ५००।- |
| ३२ | फोटो स्टुडियो | क. कलर ल्याब तथा फोटो स्टुडियो | ५००।- |
| | | ख.फोटो स्टुडियो | ५००।- |
| ३३ | टेलरिङ | क. कपडा सहित टेलरिङ | ५००।- |
| | | ख. टेलरिङ | २००।- |
| ३४ | हेयर कटिङ | क. तीन सिट भन्दा माथि | ३००।- |
| | जुत्ता चप्पल पसल | क. होलसेल तथा खुद्रा | ३००।- |
| | | ख. जुत्ता चप्पल कस्मेटिक | २००।- |
| | | ग. सामान्य कस्मेटिक | २००।- |
| ३६ | उत्पादनमुलक उद्योग | क. चिम्नी उद्योग | ३०००।- |
| | | ख. ईटाभट्टा | १५००।- |
| ३७ | भाँडा पसल | क. थोक तथा खुद्रा | ५००।- |
| | | ख. विक्रेता | २५०।- |
| ३८ | आर्टस व्यवसाय | क. डिजिटल | ५००।- |
| | | ख. हातबाट | २००।- |
| ३९ | इलेक्ट्रिक पसल | | ३००।- |
| ४० | धागो टाँक पसल | | २००।- |
| ४१ | सिसा प्लाइ कार्पेट फ्लेम आदि विक्रेता | क. | १०००।- |
| | | ख. | ५००।- |
| ४२ | फर्निचर सोरुम | | १०००।- |
| ४३ | खेलौना उपहार गिफ्ट विक्रेता | | ३००।- |
| ४४ | केवल नेटवर्क | | ५००।- |
| ४५ | मासु पसल | क. कुखुरा | ३००।- |
| | | ख. खसी बोका | ५००।- |
| | | ग. खसी बोका, भेडा र कुखुरा | ७००।- |
| | | घ. राँगा वँगुर | ५००।- |
| | | ङ. माछा पसल | ५००।- |
| ४६ | ग्रिल उद्योग | | ५००।- |
| ४७ | स्टेशनरी | | २५०।- |
| ४८ | दाना अण्डा तथा ह्याचरी पसल | | २५०।- |
| ४९ | ज्याकेट तथा झोला | | २५०।- |
| ५० | मसला उद्योग | | २५०।- |

| | | | |
|---|---|---|---|
| ५१ | तरकारी तथा फलफूल पसल | | २००।- |
| ५२ | मिठाई पसल | | २००।- |
| ५३ | रासायनिक मल तथा एग्रोभेट | क. डिलर तथा थोक | ५००।- |
| | | ख. खुद्रा | ३००।- |
| ५४ | कुटानी पिसानी | सेलर होल्डर | ४००।- |
| ५५ | आईसक्रिम तथा दुग्ध सम्बन्धि परिकार | | २००।- |
| ५६ | सुनचाँदी ज्वयलर्यस पसल | | ५००।- |
| ५७ | कृषि फर्महरु | १. पोल्ट्री फर्म | ३००।- |
| | | क. ५०० सम्म कुखुरा | ५००।- |
| | | ख. ५०१ देखि १००० सम्म कुखुरा | ७००।- |
| | | ग. १००१ देखि ५००० सम्म कुखुरा | १०००।- |
| | | घ. ५००१ देखि माथि | १५००।- |
| | | २. फलफूल तथा तरकारी खेती | २००।- |
| | | ३. गाई वंगुर बाखा पालन व्यवसाय | २००।- |
| | | ४. माछा पालन व्यवसाय | २००।- |
| ५८ | संचार सेवा | नेपाल टेलिकम एनसेल युटिएल र अन्य | ५०००।- |

अनुसूचि ५

सवारी साधन कर

| क.सं. | विवरण | वार्षिक रु. |
|---|---|---|
| १ | क) ठूला उपकरण | रु. २०००।- |
| | ख) ठूला बस, ट्रक, लरी ट्याक्टर | रु. १०००।- |
| | ग) भाडाका मिनि बस, मिनि ट्रक | रु. ५००।- |
| | घ) जीप, कार भ्यान | रु. ३००।- |
| | ङ) माइक्रोबस | रु.३००।- |
| | च) मोटरसाइकल | रु. ५०।- |

अनुसूचि ६

विज्ञापन कर

| क.सं. | विवरण | वार्षिक रु. |
|---|---|---|
| १ | प्रति वर्ग फुट होडिङ | रु.२००।- |
| २ | पोल ब्यानर | रु.१००।- |

अनुसूचि ७

सेवा शुल्क कर

| सि.नं. | सेवा तथा करका विवरण | स्विकृत दररेट रु. |
|---|---|---|
| १ | नागरिकता सिफारिस | |
| | क. बंशज | १००.०० |
| | ख. अगिंकृत | ५००.०० |
| २ | नाता प्रमाणित | २०० |
| ३ | चार किल्ला प्रमाणित | |
| | क. १ कित्ताको | १५०.०० |
| | ख. प्रति कित्ता थपको | १००.०० |
| ४ | सामान्य सिफारिस | १००.०० |
| ५ | जग्गा नामसारी सिफारिस | |
| | ५ रोपनी सम्म | १५०.०० |
| | १० रोपनी सम्म | ३००.०० |
| | १० रोपनी भन्दा माथि | ४००.०० |
| ६ | विद्युत जडान सिफारिस | |
| | क. सामान्य कच्ची घर | १००.०० |
| | ख. एक तले पक्की घर | १५०.०० |
| | ग. एक तला देखि ३ तलासम्म | २००.०० |
| | घ. ३ तला भन्दा माथि | ३००.०० |
| ७ | धारा जडान सिफारिस | |
| | क. कच्ची दर | १००.०० |
| | ख. पक्की दर | १५०.०० |
| ८ | नक्सा पास | |
| | क. एकतले पक्की घर | १५००.०० |

| | | |
|---|---|---|
| | ख. दुई तला भन्दा माथि | ३०००.०० |
| ९ | घर नक्सापास संशोधन प्रति वर्ग फुट | १.०० |
| १० | नक्सापास प्रमाणपत्र प्रतिलिपि | २००.०० |
| ११ | घर नक्सापास सर्जमिन | ३००.०० |
| १२ | व्यक्तिगत घटना सिफारिस नेपाली | ५०.०० |
| | जन्म  (३५ दिन भन्दा बढी) | १०० |
| | मृत्यु (३५ दिन भन्दा बढी) | १०० |
| | बसाईसराई (३५ दिन भन्दा बढी) | १०० |
| | सम्बन्धविच्छेद (३५ दिन भन्दा बढी) | १०० |
| | विवाह (३५ दिन भन्दा बढी) | १०० |
| | व्यक्तिगत घटना सिफारिस अंग्रेजी र नेपाली दुवै | २०० |
| १३ | पेन्सनपट्टा सिफारिस | |
| | क. नेपाली | १००.०० |
| | ख. बिदेशी | २००.०० |
| १४ | चार किल्ला प्रमाणित | |
| | मोटर बाटोले छोएको | २००.०० |
| | मोटर बाटोले नछोएको | १००.०० |
| १५ | अंशवण्डा सिफारिस | |
| | क. ५ रोपनी सम्म | १०० |
| | ख. सो भन्दा माथि २० रोपनी सम्म | २००.०० |
| | ग. २० रोपनी भन्दा माथि | ३००.०० |
| | घ. ५० रोपनी भन्दा माथि प्रति रोपनी | ५००.०० |
| १६ | व्यवसाय नामसारी कृषि | २०० |
| | व्यवसाय नामसारी कृषि बाहेक | ५००.०० |
| १७ | उद्योग नामसारी ठाउँसारी | ७५०.०० |
| १८ | घर कायम सिफारिस | ५००.०० |
| | क. एक तले | १०० |
| | ख. दुई तला भन्दा माथि | २०० |
| १९ | काठ दाउरा कटानी सिफारिस | २००.०० |
| | | |
| २० | घरनक्सापास सम्पन्न प्रमाणपत्र | |
| | क. सवै कच्ची घर | १००.०० |
| | ख. एक तले पक्की घर | ५००.०० |
| | ग. एक तले माथि पक्की घर | १०००.०० |
| २१ | आयस्रोत प्रमाणित पचास लाख सम्म | ०.२५ प्रतिशत |
| | पचास लाख भन्दा माथि | १५०००.०० |
| २२ | अंग्रेजी प्रति सिफारिस | २००.०० |
| २३ | सवै मुचुल्का सिफारिस | २००.०० |
| २४ | निवेदन दस्तुर | १०.०० |
| २५ | सम्पत्ति मूल्याङ्कन वैदशिक प्रयोजन | ०.१% |